परिच्छेद ३

# ३.६ कोभिड-१९ को प्रभाव : भारतबाट फर्किएका सुदूरपश्चिम प्रदेशका नागरिकहरूको आर्थिक, सामाजिक अवस्था

**पृष्ठभूमि**

नेपालमा चीनबाट आएका व्यक्तिमा २०७६ माघ ९ गते पहिलोपटक कोभिड– १९ सङ्क्रमण पुष्टि भएको थियो । त्यसयता फैलिएको सङ्क्रमण यस वर्षको अन्त्यसम्म नियन्त्रणमा आए । सन् २०२० को अन्त्यसम्म नेपालमा कोभिड– १९ को सङ्क्रमणबाट १ हजार ८ सय ५६ जनाको मृत्यु भएको तथा २ लाख ६० हजार ५ सय ९३ जना सङ्क्रमित भएको तथ्याङ्क स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गऱ्यो। सुदूरपश्चिम प्रदेशमा २०७६ चैत १४ गते पहिलो सङ्क्रमित पहिचान गरिएको थियो । यस वर्षको अन्त्यसम्म १४ हजार ३ सय २९ जना कोभिड–१९ सङ्क्रमित भएकामा ६० जनाको मृत्यु भयो। कोभिड सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले चैत ११ गतेदेखि बन्दाबन्दी घोषणा गऱ्यो । भारत सरकारले नेपाल सरकारले भन्दा केही दिन अघि देशव्यापी बन्दाबन्दी घोषणा गरेको थियो। बन्दाबन्दीसँगै रोजगारीमा परेको सङ्कटका कारण लाखौँ नेपाली विभिन्न तरिकाले भारत–नेपाल सीमामा आइपुगे । रोजगारी गुमाएका, मनोसामाजिक प्रभाव तथा अन्य सामाजिक पारिवारिक कारणले गर्दा बन्दाबन्दीको समयमा नेपाल फर्किएका नागरिकले सीमानादेखि नै हण्डर व्यहोरे । आफ्नो थातथलो फर्किएपछि पनि नेपालको संविधानले सुनिश्चित गरेका आधारभूत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग पाएनन्।

सुदूरपश्चिम प्रदेशका नागरिकहरूको आयआर्जन तथा जिविकोपार्जनका लागि भारतमा रोजगारी गर्न जाने परम्परा र बाध्यता दुवै रहँदै आएको छ । वैदेशिक रोजगारमा हुने श्रम आप्रवासनको इतिहासमा फर्केर हेर्दा वि.सं. १८१६ को नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबिच सम्पन्न भएको सुगौली सन्धिदेखि वैदेशिक रोजगार श्रम आप्रवासनको सुरु भएको लिखित इतिहास छ। सुगौली सन्धिपछि नेपालीहरू बर्मा, भुटान, भारत, बङ्गलादेश, थाइल्याण्ड, चीनको स्वशासित क्षेत्र तिब्बत, मलेसियालगायतका मुलुकहरूमा स्थायीरूपमा प्रवासन भई नेपाली भाषी सोही देशका नागरिक वा नेपाली आप्रवासीको रूपमा रहन थाले। राष्ट्रिय मानव अधिकार आयोगले प्रकाशन गरेको आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी विषय पुस्तिकाअनुसार नेपालीहरू संस्थागतरूपमा १ सय ८ मुलुकमा र व्यक्तिगत रूपमा विश्वका अधिकांश मुलुकमा आप्रवासनमा छरिएर रहेका छन्।

**रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५** को प्रस्तावनामा प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमताअनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले सङ्घीय संसदले ऐन बनाएको उल्लेख गरी प्रत्येक नागरिकले आफूले चाहेको रोजगारी छनौट गर्ने तथा रोजगारीको हकको ग्यारेन्टी गरिनुको साथै प्रत्येक बेरोजगार व्यक्तिलाई बेरोजगार सहायता पाउने व्यवस्था गरिएको छ। **रोजगारीको हकसम्बन्धी ऐन, २०७५** ले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्नेसमेत उल्लेख गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले २०६९ सालमा प्रकाशन गरेको आप्रवासी कामदारहरूको अधिकार विषयगत पुस्तिकाअनुसार सन् २००६ को निड्स (NIDS) युनिफेम (UNIFEM) ले गरेको एक अध्ययनअनुसार १५ लाख देखि २० लाखसम्म नेपाली कामदारहरू भारतमा रहेको देखाएको छ।

कोभिड–१९ का कारण भारतका विभिन्न सहरमा रहेका नेपाली नागरिकहरूको रोजगारी गुम्नुको साथै सङ्क्रमित दर बढ्दै गएपछि प्रभावितहरू स्वदेश फर्किन बाध्य भए । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको अभिलेखअनुसार कोरोना कहर सुरु भए यता २ लाख ३७ हजार ४ सय ९० जना सुदूरपश्चिमेलीहरू स्वदेश फर्किए । नेपाल सरकारले कोभिड सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि

मुलुकभर लकडाउन जारी गर्नुका साथै सीमा नाकाहरू बन्द गऱ्यो । जसकाकारण पनि भारतबाट नेपाली नागरिकहरूले घर पुग्नलाई पनि ठूलो सास्ती खेप्नु पऱ्यो । भारतबाट रोजगारी गुमाएर बालबच्चासहित स्वदेशमा जीविकोपार्जन गर्ने आशामा सास्ती खेप्दै नेपाल फर्किएका उनीहरू नेपाल फर्किएको केही महिनामै कोभिड सङ्क्रमणको जोखिम मोल्दै पुनः भारत फर्कन बाध्य भए।

जुनसुकै अवस्थामा पनि नागरिकको अधिकारको संरक्षण, संवर्द्धन र उनीहरूको अधिकारको परिपूर्ति गर्ने मुख्य दायित्व राज्यको हो । तर, भारतबाट रोजगारी गुमाएर स्वदेश फर्किएका आफ्ना नागरिकहरूप्रतिको दायित्व सरकारले पूरा गर्न सकेन । आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले उनीहरूको अधिकारको संरक्षणमा कुनै टेवा दिन सकेन । नेपालले आप्रवासी कामदाहरूको अधिकारको संरक्षणका लागि ऐन कानुनहरू निर्माण गरेको भए पनि उक्त कानुनले भारतमा काम गर्ने नेपाली कामदारहरूलाई समेट्न सकेको छैन।

## अध्ययनको महत्त्व

भौगोलिक, आर्थिक, शैक्षिक, औद्योगिकलगायत विभिन्न क्षेत्रबाट पछाडि परेको सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लाका नागरिकहरू रोजगारीको खोजीमा परापूर्वकालदेखि नै भारतको विभिन्न सहरमा जाने गरेका छन्। २०७६ चैत महिनादेखि नेपालमा पनि कोभिड–१९ को सङ्क्रमण तीब्र बन्दै गएपछि यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले लामो अवधिका लागि लकडाउन सुरु गऱ्यो। उता भारतमा त्यस अगाडि नै लकडाउन सुरु भएकाले त्यहाँ रहेका नेपालीहरू अत्यधिकरूपमा प्रभावित हुन पुगे । सरकारले वैदेशिक कामदारहरूको अधिकारको संरक्षणका लागि बनाइएका ऐन, नीति तथा प्रतिबद्धताहरू र कोभिड–१९ का कारण भारत प्रवासबाट नेपाल फर्केका सुदूरपश्चिम प्रदेशका आमनागरिकको समस्या पहिचान गरी ती समस्याहरूको समाधानका लागि सुझाव उपलब्ध गराउन तथा भारत प्रवासबाट नेपाल फर्केका सुदूरपश्चिम प्रदेशका नागरिकहरूले भोग्नु परेका कठिनाइहरू उजागर गर्दै सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको ध्यानाकर्षण गराउन यस अध्ययनको महत्त्व रहने छ।

## अध्ययनको उद्देश्य

- कोरोना भाइरस (कोभिड–१९)को कारण भारत प्रवासबाट फर्केका सुदूरपश्चिमका नागरिकको श्रम अवस्था अध्ययन गरी उनीहरूका समस्या पहिचान गर्नु।
- भारत प्रवासबाट फर्केका श्रमिकहरू स्वरोजगारका लागि राज्यले गरेका नीतिगत तथा व्यवहारिक प्रयास तथा प्रतिबद्धताको कार्यान्वयन अवस्था विश्लेषण गर्नु।
- भारत प्रवासबाट फर्केका नेपाली नागरिकहरूको समस्या पहिचान गरी ती समस्या समाधानका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई सुझाव पेश गर्नु।

## अध्ययन विधि

यो आलेख तयार पार्न कोभिड–१९ को प्रभावका कारण भारत प्रवासमा रोजगारी गुमाएर स्वदेश फर्किएका सुदूरपश्चिमका नागरिकहरू, प्रवासमा रहेका परिवारका सदस्यहरू, विभिन्न सङ्घ/संस्था, स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधिहरू, सरकारी निकायका प्रतिनिधि, सुरक्षा निकायका अधिकारीहरू, कानुन व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा बुद्धिजीवीहरूसँग भेटघाट तथा समूहगत छलफल गरिएको छ । त्यसैगरी, विभिन्न सञ्चार माध्यमबाट प्रकाशित प्रसारित समाचार, लेखहरू, अनुसन्धान प्रतिवेदन, सरकारी प्रतिबद्धतालगातयका सन्दर्भहरू अध्ययन सामग्रीका रूपमा प्रयोग गरी विश्लेषण गर्ने प्रयास गरिएको छ।

## अध्ययनको सीमा

यो अध्ययन सुदूरपश्चिम प्रदेशका नौ जिल्लाबाट रोजगारीका लागि भारत प्रवासमा रहेका व्यक्तिहरू कोभिड–१९ को असरले स्वदेश फर्किएकाहरूको श्रम जीवनमा परेको प्रभावमा अध्ययन केन्द्रित छ । कोभिड–१९ को प्रभावका कारण स्वदेश फर्किएकाहरूको स्वरोजगारीका लागि स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारले ल्याएका नीति, कार्यक्रम र प्रतिबद्धताको कार्यान्वयनको अवस्थाबारे अध्ययन केन्द्रित छ। भारत प्रवासमा रहेका, न्यून ज्यालामा काम गर्ने अदक्ष, अर्धदक्ष मजदुर, श्रमिकहरूलाई स्वदेशमै आम्दानीका दायराहरू सिर्जना गर्न सरकारले गरेका प्रतिबद्धता र कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन केन्द्रित छ । यो अध्ययन सुदूरश्चिम घर भई भारतमा रोजगारी गर्ने मानिसहरूमा मात्रै केन्द्रित रहेकाले यसले देशको समग्र आप्रवासी कामदार र तिनका समस्याका बारेमा उल्लेख गरिएको छैन।

**भारत प्रवासीहरूले गर्ने कामको प्रकृति**

२०५८ को जनगणनामा सुदूरपश्चिमको गरिबी ४४.६ प्रतिशत थियो । त्यसको १० वर्षपछि २०६८ सालमा आइपुग्दा गरिबी दर बढेर ४७.१ प्रतिशत पुग्यो। पछिल्लो अध्ययनअनुसार सुदूरपश्चिमको गरिबी ३३ दशमलब ५६ प्रतिशत रहेको छ। यही गरिबी र विपन्नताका कारण सुदूरपश्चिमका नौ ओटै जिल्लाका अधिकाङ्स नागरिकहरू कामको खोजीमा भारत प्रवासमा जाने प्रचलन विगत लामो समय चल्दै आएको छ। सुदूरपश्चिमका पहाडी तथा हिमाली जिल्लाबाट हरेक वर्ष केही महिनाका लागि तथा लामो समयको कामका लागि भारतमा जाने प्रचलन रहेको छ। भारतको हिमाञ्चल प्रदेशमा रोजगारीका लागि उल्लेख्य सङ्ख्यामा नेपाली कामदार जाने गर्दछन्। सीमलाको स्याउ बगैँचा हेर्ने, स्याउ टिप्ने र ग्रेडिङ गर्नेदेखि बद्रीनाथ, अमरनाथ मन्दिरमा दर्शन गर्न जाने श्रद्धालुहरूको भारी बोक्ने काम गरी नेपालीले अर्थोपार्जन गर्ने गरेका छन्। लद्दाखमा डकर्मी र सिकर्मीका रूपमा काम गर्नेको सङ्ख्या पनि उल्लेख्य छ। न्यून आय हुने ज्याला मजदुरी, ढावा, रेस्टुराँ र मदिरा ठेक्काका क्यान्टिन, घरेलु कामदार एवम् चौकीदारीमा संलग्न रहने गरेका छन्। प्रवासी सङ्गठनहरूले सङ्कलन गरेको विवरणअनुसार झण्डै १० प्रतिशत औपचारिक रोजगारीमा छन् भने सात प्रतिशतको नेपाल–भारत दुवैतर्फ सम्पत्ति छ । सङ्गठनहरूले सङ्कलन गरेको विवरणअनुसार भारतमा तीन प्रकृतिको काममा नेपाली कामदारहरू संलग्न रहेका छन्।

**पहिलो**– ज्याला मजदुरी र चौकीदारी, घरेलु कामदार र दैनिक ज्यालामा काम गर्ने।

**दोस्रो**– भारतमा समेत रासन कार्ड लिइसकेका र नेपाल–भारत दुवैतर्फ सम्पत्ति रहेका मध्यम वर्ग जसलाई कोभिड–१९ ले खासै प्रभाव पारेन।

**तेस्रो**– भारतका सरकारी तथा ठूला उद्योग कारखानामा कार्यरत औपचारिक रोजगारीमा भएका।

**तथ्य तथ्याङ्क**

सुदूरपश्चिम सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार कोभिड–१९ को महामारीको समयदेखि ०७७ पुस १६ गतेसम्ममा भारतबाट नेपाल फर्किने नेपाली नागरिकहरूको सङ्ख्या ३ लाख ५ हजार ९ सय ६३ जना रहेका तथ्याङ्क छ तर सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहसँग कोभिड महामारीको समयमा कति जना भारत प्रवासीहरू स्वदेश फर्किए भन्ने एकीन तथ्याङ्क छैन। केही स्थानीय तहहरूले मात्रै भारतबाट फर्किएकाहरूको तथ्याङ्क राखेको पाइयो। कोभिड–१९ महामारीका बीचमा भारतको विभिन्न क्षेत्रबाट कैलालीमा आउने नेपाली नागरिकहरूको सङ्ख्या ४६ हजार ७ सय २९ जना रहेको कैलाली जिल्ला प्रशासन कार्यालय, कैलालीसँग तथ्याङ्क रहेको छ। तर, नेपालमा रोजगारी नपाएपछि पुनः कति जना भारत फर्किए भन्ने तथ्याङ्क भने कैलाली प्रशासनसँग छैन।

जिल्ला स्वास्थ्य कार्यालय, अछाममा कोभिड–१९ को महामारीपछि भारतलगायत अन्य मुलुकबाट ३ हजार ४ सय ६७ जना महिला, १३ हजार ६ सय ७६ जना पुरुष, १ हजार २१ जना बालबालिका, ९३ जना गर्भवती महिला र २ सय १ जना ज्येष्ठ नागरिक जिल्ला फर्किएको, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा २४ हजार ९ सय २६ जना जिल्लाबासीहरू भारत प्रवासबाट फर्किएका र ०७७ पुस १६ गतेसम्म सुदूरपश्चिमलगायत अन्य प्रदेशबाट कञ्चनपुर नाका हुँदै ५१ हजार ९ सय ९६ जना भारत गएको तथ्याङ्क रहेको छ।

जिल्ला प्रहरी कार्यालय, दार्चुलामा ०७७ मङ्सिर २० गतेसम्म भारतको विभिन्न ठाउँमा रोजगारी गुमाएपछि ३ हजार ९७ जना पुरुष, ६ सय ३८ जना महिला र ९२ जना बालबालिका गरी ३ हजार ८ सय २७ जना नेपाल फर्किएको र १ हजार २ जना पुरुष, ८ सय ५० जना महिला र तीन जना बालबालिका गरी १ हजार ८ सय ५५ जना रोजगारीका लागि भारत गएको तथ्याङ्क रहेको छ। यी जिल्लाका तथ्याङ्क हेर्दा पनि कोभिड महामारीका कारण भारतमा रोजगारी गुमाएर नेपाल फर्किनेहरूको सङ्ख्या बढी भएको पाइयो।

**भारत प्रवासमा रहेका नागरिकहरूका सवालहरू**

- प्रत्येक गाउँपालिका, नगरपालिकाको वडामा भारतमा कामका लागि जाने व्यक्तिहरूको अभिलेख प्रणाली स्थापना गर्न सकेको छैन । वैदेशिक रोजगार ऐन, २०६४ ले कामका लागि भारत जाने कामदारलाई वैदेशिक रोजगारको परिभाषाको रूपमा सम्बोधन नगरेको हुँदा ऐनलाई संशोधन गरी भारतमा रोजगारीका लागि जाने विषयलाई समेत समेटनुपर्ने देखिन्छ । कामका लागि भारत जाने नेपाली नागरिकहरूको तथ्याङ्क राख्न र त्यसको नियमित अद्यावधिक गर्न सीमा क्षेत्र वा नाकामा प्रशासिनक संयन्त्र गठन गरी अभिलेख प्रणाली स्थापना गर्नुपर्ने।
- लामो समयदेखि परिवारको सम्पर्कमा नरहेका, हराएकाहरूको खोजीका लागि कुनै आधिकारिक

| कृषि क्षेत्रमा सुदूरपश्चिम सरकारले अख्तियारी दिएको बजेट | | | | |
|---|---|---|---|---|
| क्र.स. | कृषितर्फ | | पशुतर्फ | जम्मा रकम |
| | जिल्ला | रकम | रकम | |
| १. | कैलाली | ६३,५०,००० | १,८७,००,००० | २,५०,५०,००० |
| २. | कञ्चनपुर | ४७,५०,००० | ९९,००,००० | १,४६,५०,००० |
| ३. | डडेल्धुरा | ५२,५०,००० | १,०४,००,००० | १,५६,५०,००० |
| ४. | डोटी | ३२,००,००० | १५५००००० | १,८७,००,००० |
| ५. | अछाम | ४७,५०,००० | १,०४,५०,००० | १,५२,००,००० |
| ६. | बाजुरा | ५२,५०,००० | ९४,५०,००० | १,४७,००,००० |
| ७. | बझाङ | ४२,५०,००० | ७९,००,००० | १,२१,५०,००० |
| ८. | बैतडी | ६३,५०,००० | १,४६,००,००० | २,०९,५०,००० |
| ९. | दार्चुला | ३२,००,००० | ६३,५०,००० | ९५,५०,००० |

*स्रोतः सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय*

निकायबाट पहल हुन नसकेकाले परिवारको जीविकोपार्जनमा समस्या, सामाजिक सेवामा पहुँचमा कमी, सामाजिक सुरक्षा भत्तामा पहुँच नभएको, नागरिकता पाउनमा समस्या, विवाह दर्ता नगरिएको, अंशवण्डामा समस्या आदि रहँदा हराएका व्यक्तिहरूको खोजीका लागि कुटनीतिक पहल गर्नुपर्ने देखिन्छ।

भारतमा रोजगारी गरी घर फर्किने नेपाली श्रमिकहरू सीमा नाका र गन्तव्य बाटोमा विभिन्न किसिमका हिंसात्मक घटनाहरूमा पर्ने गरेको, जस्तैः लुटपाट, चोरी, ज्यान मार्ने, यौनजन्य हिंसा, विषसेवन आदि बारम्बार हुने गर्दा सीमा क्षेत्रमा रहेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतका समकक्षी निकायहरूसँग नियमित र प्रभावकारी समन्वय गरी नियन्त्रण गर्न सम्बन्धित निकायहरू सक्रिय रहनु पर्ने । त्यसैगरी कामका लागि भारत जानेहरूको जीवन बिमा र कामदार कल्याणकारी कोषको व्यवस्था बाध्यात्मक नगरिएको हुँदा सो कार्यका लागि भारतीय पक्षसँग नेपाल सरकारबाट पहल गरिनु पर्ने।

### कोभिड प्रभावित तथा विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम र प्रभावकारिता

सुदूरपश्चिम प्रदेश सरकारले कोभिड-१९ का कारण प्रभावित भएका नागरिकहरूलााई स्वरोजगार बनाउने उद्देश्यले १५ करोड बजेटको व्यवस्था गरेको छ । सुदूरपश्चिम सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वरोजगार बन्न चाहने युवाहरूका लागि गाई र भैंसीपालन गर्न ६० हजार, बाख्रा, बङ्गुर, कुखुरा पालन गर्न ४० हजार र माछा पालन गर्न ३० हजार रुपियाँ अनुदान दिने व्यवस्था गरेको छ । कृषि ज्ञान केन्द्रमार्फत तरकारी खेती, फलफूल, च्याउ खेती, मौरीपालन, पुष्प खेती र नर्सरीका लागि जनही ३० हजार अनुदान दिने व्यवस्था छ।

स्थानीय तहहरूले कोभिड प्रभावित युवाहरूका लागि रोजगारी सिर्जना गर्न बजेटको व्यवस्थापन गर्न नसकेको भए पनि कतिपय स्थानीय तहहरूले गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा कार्यक्रम गर्दै आएका छन्। यसरी सुदूरपश्चिम सरकारले कोभिड-१९ बाट प्रभावित नागरिकहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्न लागि बजेटमा व्यवस्था गरेको भए पनि त्यसको कार्यान्वयन पक्ष फितलो रह्यो।

### प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको कार्यक्रम

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कार्यान्वयनमा ल्याउन लागेको कोभिड प्रभावित तथा विदेशबाट फर्केका युवालाई लक्षित कार्यक्रमप्रति युवाको आकर्षण नदेखिएपछि तत्काल ५ हजार जनालाई स्वरोजगार बनाउने कार्यक्रम नै असफल बन्ने देखिएको छ। जसमा भारतीय आप्रवासीलाई समेट्न सकेको छैन । लक्षित वर्गले नै स्वरोजगारका लागि आवेदन नदिएकाले सो कार्यक्रमको औचित्य नै समाप्त हुने खतरा देखिएको छ। प्रदेश सरकारले कोरोनाका कारण विदेशमा रोजगारी गुमाएकाहरूका लागि यो कार्यक्रममा समावेश हुन आवेदनसहितको आह्वान गरे पनि थोरै लगानीमा अपेक्षाकृत व्यवसाय गर्न नसकिने युवाहरूको गुनासो रहेको पाइयो।

### पशु सेवा विज्ञ केन्द्रको कार्यक्रम

पशुपालन कार्यक्रममा अनुदानका लागि प्रदेशको भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आवेदन मागेको थियो। यो कार्यक्रमका लागि विज्ञ सेवा केन्द्र कैलालीले १ करोड ८७ लाख अनुदान उपलब्ध गराएको छ । कैलालीका १३ ओटै स्थानीय तहबाट पहिलो चरणमा पशु सेवा विज्ञ केन्द्रमा १२ हजार ८ सय ५९ युवाले पशुपालन गर्ने भन्दै इच्छापत्र पेश गरेका

**घटना अध्ययन–१**

गत २० वर्षदेखि स–परिवार भारतको करौलवागमा काम गर्दै आएका त्रिवेणी नगरपालिका–८ झालगाउँका धर्म सार्कीले कोभिडको महामारी आउला र बाध्य भएर नेपाल फर्कनु पर्ला भनेर सोचेका पनि थिएनन्। तर, कोभिडका कारण उनले गर्दै आएको काम बन्द भएपछि बाध्य भएर सपरिवार घर फर्किनु पऱ्यो। धर्मको गाउँमा न जग्गा छ न त घर नै। भारतमा रोजगारी गुमेपछि घर फर्किए तर अरुको घरमा शरण लिन बाध्य भए। थोरै जग्गा भए पनि परिवारको पेट पाल्न नसकिने भएपछि १० वर्ष अगाडि सो जग्गा बिक्री गरेर भारतमै काम गरेर परिवारको पालनपोषण गर्दै आएको धर्मले दुःखेसो पोखे। जेनतेन गाउँ पुगेको र १६ दिनसम्म सपरिवार क्वारेण्टाइनमा बसेको उनले बताए। क्वारेण्टाइनबाट बाहिर आएपछि उनी र उनका परिवारलाई बिहान बेलुकाको छाकटार्न समेत समस्या भयो। उनी गाउँलेहरूसँग मागेर आफू र परिवारको पेट पालिरहेका छन्। स्थानीय सरकारले राहत वितरण गर्छ भन्ने सुनेका भए पनि आफूहरूले एक दाना चामल समेत नपाएको उनले गुनासो गरे। उनले भने गाउँमै काम गरौँ भने पनि पाइँदैन रोगले भन्दा पनि भोकले मर्ने भइयो।

**घटना अध्ययन–२**

६ जना छोराछोरी सहित भारतको दिल्लीमा काम गर्दै आएका बुढीनन्दा नगरपालिका–२ कोल्टीकी अम्बिका कार्कीको परिवार पनि ६ वर्षपछि भारतबाट गाउँ फर्कियो। गाउँमा आमाको मृत्यु भएको खबर सुनेपछि काजकिरिया गर्न गंगा कार्की फागुनमा नेपाल आएका थिए। आमाको काजकिरिया गरेर उनी चैतमा भारत जान घरबाट हिँडे। भारत फर्किने बखत घरबाट हिँडेको तेस्रो दिन ०७६ चैत ११ गते नेपालगञ्ज पुगे पनि चैत ११ गतेदेखि नेपालमा लकडाउन सुरु भयो। उनी नेपालगञ्जमै अलपत्र परे। कोभिडका कारण उता भारतमा नोकरी समेत गुमेपछि अम्बिका बालबच्चा लिएर नेपालगञ्ज पुगिन्। लकडाउनमा परेपछि नेपालगञ्जमा डेरामा बस्दै आएका थिए। दुर्घटनामा पतिको मृत्यु भएपछि अम्बिका कार्की र उनका बालबच्चाहरू अरुको सहयोगमा बाजुरा गाउँ पुगे। गाउँ पुगेपछि २५ दिनसम्म सपरिवार जन जनप्रकाश माविको क्वारेण्टाइनमा बसे। हाल जेठाजु नाता पर्नेको घरमा बसिरहेका छन्। अम्बिकाको आफ्नो जग्गा जमिन केही छैन्। पतिको मृत्युपश्चात आफूहरू बेसाहारा भएको आफूहरूलाई स्थानीय सरकारले कुनै सहयोग नगरेको उनले दुखेसो पोखिन्। कार्कीले छोराछोरीको पढाइ लेखाइ र पालनपोषण गर्न कठिन भएको बताउँदै सहयोगको अपिल गरेकी छिन्। उनले भनिन् स्थानीय कोल्टी बजारमा कुनै काम पाइँदैन, बालबच्चा पाल्न समस्या भएको छ, मागेर परिवार पालिरहेको छु। स्थानीय सामाजिक अगुवा तथा शिक्षक जनेश भण्डारीले अम्बिकाको परिवार खाद्य संकटमा परेको बताए।

**घटना अध्ययन–३**

**किरिया गर्न समेत पाएनन्**

चौबीस वर्षदेखि भारतका काम गर्दै आएका बडिमालिका नगरपालिका– २ माझीगाँउका कलमती दमाइका बिरामी पतिसहित ६ जनाको परिवार कोरोनको कहरले नेपाल फर्कियो। कलमती दमाइको परिवार बाजुरा पुगे लगत्तै बडिमालिका नगरपालिका–२ भौनेरामा रहेको सत्यवादी माविको क्वारेन्टाइनमा बसे। क्वारेन्टाइनमा बसेको दुई दिनमा उनका पति भुप्रेन्द्र दमाइले क्वारेण्टाइनमा नै आत्महत्या गरे। भारतको दिल्लीमा बस्दै आएकी कलमतीले श्रीमानको उपचार र परिवार पालिरहेकी थिइन्। कोरोना कहरका कारण भारतमा लकडाउन जारी भएपछि कलमतीको काम बन्द भयो। उनको परिवार नेपाल आयो। गाउँमा कलमतीका जग्गाजमिन केही छैन। बस्नलाई घर समेत नभएकी कलमतीले आर्थिक अभावका कारण पतिको किरिया बस्न सेतो लुगा किन्न समेत सकिनन्। अरुको घरमा बसिरहेको अवस्थामा केही समयमा लागि वडा कार्यालय र गाउँलेले खाद्यान्न सहयोग गरे पनि चार जना छोराछोरी भएकी कलमतीलाई बिहानबेलुकी खान समेत धौधौ पऱ्यो। वडा अध्यक्ष डम्मर महतले कलमतीको परिवारलाई खान लाउन निकै समस्या भएको बताए पनि उनको परिवारलाई आत्मनिर्भर बनाउने तर्फ नगरपालिकाको कुनै कार्यक्रम रहेको पाइएन।

**कोभिड– १९ का कारण भारतबाट घर फर्किएका प्रवासीहरू पुनः भारत जान बाध्य (घटना अध्ययन)**

रोजगारीको लागि भारत गएका युवाहरू कोरोनाको महामारी चलेपछि घर फर्किएका थिए। कोरोना नियन्त्रण नभएपछि र गाउँघरतिर कुनै रोजगारी नपाएपछि कोरोना कहरकैबीच उनीहरू धमाधम भारततिरै फर्किन बाध्य भए। प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत स्थानीय तहले माग गरेका बेरोजगार फारम भरेका युवाहरू रोजगारीका कार्यक्रम सञ्चालन नभएकोपछि पुनः भारत फर्किनु पऱ्यो।

छन् । तर स्वरोजगार कार्यक्रम कार्यविधिको अनुसूची ३ अनुसार कार्ययोजनासहित ४ सय ४१ जनाको मात्रै दोस्रो चरणमा आवेदन परेको छ । अन्तिम नामावली भने सार्वजनिक भएन ।

**कृषि ज्ञान केन्द्र**

कृषि पेशामा आबद्ध हुन चाहनेहरूका लागि कृषि ज्ञान केन्द्र, धनगढीमा ६३ लाख ५० हजार बजेट पठाइएको मन्त्रालयले जनाएको छ। कृषि ज्ञान केन्द्रमा पहिलो पटक इच्छापत्र माग गर्दा जिल्लाभरबाट १ हजार २ सय ५६ ओटा आवेदन परेकोमा थप प्रमाण माग्दा ९१ जनाको मात्रै आवेदन दर्ता भएको छ। ९१ निवेदन उपर छानबिन गर्दा ८८ जनाले अनुदान पाउने टुंगो लागेको र थोरै निवेदन आएको कारण आधा रकम मन्त्रालयलाई फिर्ता पठाउनुपर्ने अवस्था आउने कृषि ज्ञान केन्द्र कैलालीका प्रमुख खगेन्द्रप्रसाद शर्माले बताए। तर, यो कार्यक्रमले भारतबाट फर्किएकाहरूलाई लक्षित नगरिएका कारण प्रवासीहरूले सेवा पाएनन् । आवेदन माग गर्दा वैदेशिक रोजगारीमा रहेका भनिएकोले भारतबाट आएका प्रवासी कामदारहरूको प्रमाण खुल्ने कागजपत्र नभएका कारण धेरैजसोले आवेदन नै दिन सकेनन्। स्थानीय तह र प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यलाई जोड दिएको छ। तर रोजगारी कसरी अभिवृद्धि गर्ने भन्ने ठोस योजना सरकारले ल्याएको देखिएन।

**स्थानीय तहद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू**

कोभिड–१९ को महामारीको प्रभावले भारतीय प्रवासबाट नेपाल फर्केका भारतीय प्रवासी श्रमिकहरू सीप, क्षमता र काम नपाएर बेरोजगार बस्न बाध्य भए। कोभिडको महामारीका कारण भारतबाट स्वदेशमा केही गर्ने इच्छा राखेर आएको लाखौँ नेपालीहरूलाई बिहान बेलुकीको छाक टार्न पनि समस्या भयो। दैनिकरूपमा हजारौँको सङ्ख्यामा भारतमा नै रोजगारीको खोजीमा जान बाध्य भए। यद्यपि भारत प्रवासबाट फर्किएका नेपाली नागरिकहरूका लागि सरकारले खासै प्रभावकारी योजना र कार्यक्रमहरू सञ्चालन गर्न सकेन। केही स्थानीय तहहरूले आप्रवासी कामदारहरूलाई लक्षित गरी केही कार्यक्रमहरू सञ्चालनमा ल्याएको पाइन्छ। सुदूरपश्चिम प्रदेशमा केही स्थानीय तहले सञ्चालन गरेका प्रतिनिधिमूलक कार्यक्रम यस अध्ययनमा समावेश गरिएको छ।

कञ्चनपुरको भीमदत्त नगरपालिकाले मेयर उद्यमशीलता कार्यक्रम सञ्चालनमा ल्याएको छ। नेपाल बैङ्कसँगको सहकार्यमा नगरपालिकाले २ करोड बराबरको कोष खडा गरेको छ । कोषमार्फत नगरपालिकाको उद्यम गर्न चाहाने पुँजी अभाव भएका स्थानीयलाई बिनाव्याज, बिनाधितो ऋण दिने योजना बनाएको र भारीतय प्रवासी श्रमिकहरूलाई सो कार्यक्रममा प्राथमिकता दिइने भीमदत्त नगरपालिकाका प्रमुख सुरेन्द्र विष्टले बताए । नेपाल बैङ्कसँगको सहकार्यमा कार्यक्रम सञ्चालनमा ल्याइएको र नगरपालिकाले १ करोड रकम कोषमा जम्मा गरिसकेको र बाँकी रकम बैङ्कले जम्मा गरेपछि कार्यक्रम कार्यान्वयनमा आउने प्रमुख विष्टले बताए।

मेयर उद्यमशीलता कार्यक्रमबाट नगरपालिकाले पाँच वर्षसम्मका लागि उद्यमीहरूलाई १ देखि ५ लाखसम्म ऋण प्रदान गर्नेछ। कार्यक्रमअन्तर्गत नगरपालिकाले कोभिड–१९ पछि वैदेशिक रोजगारबाट स्वदेश फर्केका युवाहरूलाई प्राथमिकता दिने नगरपालिकाका प्रमुख विष्टले बताए। विदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्न नगरपालिकाले उनीहरूको तथ्याङ्क सङ्कलन गरिरहेको नगरप्रमुख सुरेन्द्र विष्टले बताए । भीमदत्त नगरपालिकाले यूएनडीपीको आर्थिक सहयोगमा कोभिड–प्रतिकार्य तथा सामाजिक आर्थिक पुनर्लाभ परियोजनाअन्तर्गत कार्यक्रम सञ्चालन गरेको छ।

कञ्चनपुर जिल्लाको बेलडाँडी गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ४ सय युवाहरूलाई लक्षित गरी १ करोड ५० लाख रुपियाँ बजेट छुट्याएको छ । जसमध्ये २ सय जना वैदेशिक रोजगारीबाट फर्किएकाहरू छन् । सीपमूलक कार्यक्रमका लागि गाउँपालिकाले १५ लाख रुपियाँ बजेट बिनियोजन गरेको छ। बेलडाँडी गाउँपालिकाका अध्यक्ष धनबहादुर थापा क्षेत्रीले बेरोजगार युवाहरूका लागि सञ्चालनमा ल्याइएको रोजगारमुखी कार्यक्रममा युवाहरूले चासो नदिएका कारण कार्यक्रम प्रभावकारी हुन नसकेको बताए। स्थानीयहरूले अनुदान र राहतमूलक कार्यमा चासो दिने गरेको भए पनि स्वरोजगार र उद्यममूलक कार्यक्रमहरूमा युवा तथा भारत प्रवासबाट फर्किएकाहरूले बेवास्ता गर्ने गरेको बेलडाँडी गाउँपालिका–२ का अध्यक्ष प्रेमराज खातीले बताए।

**घटना अध्ययन**

बाजुरा जिल्लाबाट भारतका विभिन्न सहरमा काम गर्दै आएका प्रवासी नागरिकहरू कोभिड –१९ को महामारीबाट प्रभावित भए। भारतमा रोजगारी गुमाएपछि लकडाउन अवधिभर बाजुरा जिल्लामा भारतबाट

आउनेको सङ्ख्या ८ हजार ४ सय ५० थियो । घर फर्किए पनि उनीहरू समस्या मुक्त हुन सकेनन् । लामो समय भारतमै ज्याला मजदुरी र नोकरी गर्दै आएका परिवारहरू घर आएपछि उनीहरूले खाद्य सङ्कट व्यहोर्नु पर्‍यो । कोभिड महामारीका कारण परिवारसहित भारतबाट घर फर्किएका परिवारहरू बढी मारमा परे ।

**कञ्चनपुरको सिमा नाका गड्डा चौकीबाट भारत जान लागेका व्यक्तिहरूमध्येका प्रतिनिधिमूलक घटना अध्ययन**

गाउँ–घरमा काम नपाएपछि परिवार पाल्नकै लागि महामारीकै बीच भारत जानुपरेको दार्चुलाको लेकम गाउँपालिका–४ का तुला गिरीले दुखेसो पोखे । कोरोना देखापरेपछि घर आएको थिएँ, ६/७ महिना यत्तिकै बित्यो, गाउँमा काम पाइँदैन,॔ गड्डाचौकी नाकामा भेट्टिएका गिरीले  भने, घर खर्च चलाउनै मुश्किल भएपछि कामको खोजीमा भारत जान बाध्य छौं ।॔ त्यस्तै जीविकोपार्जन गर्न धौ–धौ परेपछि कामका लागि आफू भारत जान लागेको बैतडीको सिगास गाउँपालिकाका तेज धामीले दुखेसो पोखे । स्थानीय तहले नगरपालिकाले भारतबाट फर्किएका युवा जनशक्तिलाई सरकारले स्वदेशमै रोजगारीका अवसर दिन नसक्दा उनीहरू पुनः भारततर्फ जानुपरेको उद्योग वाणिज्य सङ्घ कञ्चनपुरका अध्यक्ष जंगबहादुर मल्लले बताए ।

गड्डाचौकी नाकामा भेटिएका कैलाली जिल्ला घोडाघोडी नगरपालिका– १ सुख्खडकै हरकसिंह धामीले कोभिडका कारण भारतमा बस्न नसकिने अवस्था भएपछि भारत नजाने सोचमा निकै दुख पाएर घर फर्किएको भए पनि घर आएको लामो समयसम्म पनि रोजगारीको अवसर नपाएपछि बाध्य भएर फेरि भारत नै जान लागेको दुःखेसो पोखे ।

**भारतबाट फिर्ता भएपछि स्वरोजगार हुँदै**

डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिका–४ रुमायलको बन्तोलमा भारतबाट फर्किएका युवाहरूले सामुहिक आलु खेतीको सुरुवात गरेका छन् । कोरोनाका कारण रोजगारी गुमेर भारतबाट घर फर्किएका तीन जना युवाहरूले करिब ३० वर्षदेखि बाँझो रहेको १ सय रोपनी जमिनमा आलु खेती सुरु गरेका हुन् । भारतबाट फर्किएका देवराज भट्ट, जयराज भट्ट, ईश्वरदेव भट्टले गाउँमै बेरोजगार रहेका शिवराज भट्टलाई समेत सामेल गरेर आलु खेती सुरु गरेको गन्यापधुरा गाउँपालिका–ं४ का वडाध्यक्ष चेतराज भट्टले बताए  । बेरोजगार युवाहरूलाई गाउँमै रोजगार दिने गरी हाललाई १ सय रोपनी जमिनमा ६० क्विन्टल आलु, २ क्विन्टल लसुन लगाएर सामूहिक खेती प्रणाली सुरु गरेको वडाध्यक्ष भट्टले बताए । दैनिक ३०/४० जना कामदार लगाएर बारी खनजोत तथा आलु र लसुन लगाउने कार्य भइरहेको र १० ओटा भैँसी पालनका लागि गोठहरूसमेत निर्माण गरिएको स्थानीय लोकेन्द्र पनेरुले बताए । आलु खेती गरिरहेको क्षेत्र बनतोलमा करिब २ सय ५० रोपनी जमिन बाँझो जमिन रहेको र विस्तारै पूरै जमिनमा व्यवसायिकरूपमा तरकारी तथा भैँसीपालन कार्य अगाडि बढाउने योजनाका साथ स्थानीय युवाहरू लागिरहेका छन् । कोभिड– १९ को माहामारीका कारण भारतबाट स्वदेश फिर्ता भएकाहरू लाखौँ नागरिकहरूमध्ये केहीले मात्रै स्वदेशमै काम गरिरहेका भए पनि अधिकांश व्यक्तिहरू आर्थिक अभाव र अवसर नपाएकै कारण रोजगारीको खोजीमा पुनः भारत नै जाने गरेका छन् ।

**सरोकारवालाहरूको भनाइ**

**विष्णु अवस्थी, अध्यक्ष पत्रकार महासङ्घ, कञ्चनपुरः** कोभिड– १९ को महामारीको प्रभावले भारत प्रवासबाट नेपाल फर्केका भारतीय प्रवासी श्रमिकहरू धेरै प्रभावित भएका छन् । नेपाल आउँदा सीमा, क्वारेन्टाइन, बेरोजगारीजस्ता समस्याबाट आक्रान्त भएका आप्रवासीलाई सरकारले न्याय दिन सकेन । उनीहरूले मानव अधिकारका आधारभूत अधिकारबाट समेत वञ्चित हुनु पर्‍यो । सरकारले आप्रवासी नेपालीहरूका लागि स्वरोजगारमुलक कार्यक्रम ल्याउने भने पनि प्रभावकारीरूपमा कार्यक्रम ल्याउन सकेन । जसका कारण आप्रवासी नेपालीहरू भोको मर्नुभन्दा कोरोना लागेर मर्छौं भन्दै फेरि भारततर्फ जान लागेका छन् । राज्यले समयमै ध्यान पुर्‍याएर सम्बोधन गर्नु पर्छ ।

**नरेश सिलाल, अध्यक्ष गैसस महासङ्घ, कञ्चनपुरः** भारतबाट नेपाल फर्केका प्रवासी श्रमिकहरू सुदूरपश्चिममा ठूलो सङ्ख्यामा प्रभावित भएका छन् । लकडाउनका समयमा नेपाल फिर्ता हुँदा सीमामा, क्वाराइन्टाइनमा धेरै दुःख पाए, देशमै केही गर्छु भनेर आएका नेपाली बेरोजगारीका कारण फेरी फिर्ता हुने क्रम चलेको छ । स्थानीयहरूले आप्रवासी नेपालीहरूका लागि स्वरोजगारमूलक कार्यक्रम ल्याउने भने पनि कार्यक्रम ल्याएको देखिएन । सामान्यरूपमा भएका कार्यक्रमहरू पनि प्रभावकारीरूपमा कार्यान्यवन हुन सकेन । जसका कारण आप्रवासी नेपालीहरू भारततर्फ जान लागेका छन् । स्थानीय तहले समयमै ध्यान पुर्‍याएर

आप्रवासी नेपालीहरूलाई रोजगारीका लागि व्यवस्थापन गर्नुपर्छ।

**जङ्गबहादुर मल्ल, अध्यक्ष, उद्योग वाणिज्य सङ्घ, कञ्चनपुरः** स्थानीय तहले भारतबाट फर्किएका युवा जनशक्तिलाई स्वदेशमै रोजगारीका अवसर दिन नसक्दा उनीहरू पुनः भारततर्फ जानुपरेको छ । तीनै तहका सरकारले श्रमशक्तिलाई अवसरमा बदल्न सकेनन् । ठूलो जनशक्ति स्वदेश भित्रिएको थियो । तर, सरकारले सीपमूलक रोजगारी सिर्जना गर्न सकेन । सरकारले केही रणनीतिक योजना नै ल्याएन त्यसैले महामारीमा दुःखकष्ट खेप्दै स्वदेश आएका जनशक्ति पुनः बाहिरिन बाध्य भएका छन् ।

**निष्कर्ष**

- कोभिड-१९ को महामारीबाट प्रभावित भई घर फर्किएका भारत प्रवासीहरूका लागि प्रदेश सरकार र स्थानीय तहले आय आर्जनका कार्यक्रमहरू तय गरेको भए पनि कार्यान्वयन पक्ष कमजोर रह्यो ।
- प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा स्वरोजगार कोषको प्रबन्ध गरिएको छ । भारतमा रोजगारी गुमेर गाउँ फर्केकाहरूलाई व्यवसाय गर्न सो कोषबाट बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था नगरिएको ।
- प्रदेश सरकारले तयार गरेको नीति तथा कार्यक्रमअनुसारका योजना तथा कार्यक्रमहरू सञ्चालन हुन नसकेका कारण भारत तथा विश्वका खाडी मुलकमा उत्पादक युवा शक्ति पलायन भइरहेको छ ।
- स्थानीय तह र प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यमा जोड दिएको भए पनि रोजगारी कसरी अभिवृद्धि गर्ने भन्ने ठोस योजना र कार्यक्रम नभएको ।
- प्रदेश सरकार र स्थानीय तहले साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालन गर्न नसकेका कारण बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्न नसक्नु ।

**सुझावहरू**

- वैदेशिक रोजगार ऐन, २०६४ ले भारत प्रवासमा रहेका कामदारहरूलाई समेट्न नसकेको कारण ऐनमा संशोधन गरी भारत प्रवासमा रहेका नेपाली नागरिकहरूको अधिकारको संरक्षण गरिनु पर्ने ।
- कोभिड-१९ को महामारीका कारण भारत प्रवासमा रोजगारी गुमाएका व्यक्तिहरू र उनका परिवारहरूका लागि प्रदेश सरकार र स्थानीय सरकारले राहतका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- भारत प्रवासबाट फर्किएका नागरिकहरूको सीप र क्षमताअनुसार रोजगारीका अवसरहरू सिर्जना गरी स्वदेशमै आत्मनिर्भर र स्वावलम्बी बनाउने नीति तथा योजना तयार गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- भारत प्रवासमा रोजगारी गुमाएर गाउँ फर्किएकाहरूको यथार्थ तथ्याङ्क नभएको अवस्थामा प्रत्येक स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्ने गराउन व्यवस्था मिलाउनु पर्ने ।
- प्रदेश सरकार र स्थानीय तहले साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालन गरी बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्नु पर्ने ।

**सन्दर्भ सामग्री**


- नेपालको संविधान भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८(१), धारा ३३ र ३४ र धारा ५१
- वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४
- श्रम ऐन, २०७४ को प्रस्तावना
- रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को परिच्छेद ३ को १०(१)
- आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ को उपधारा २
- Migration & Remittacces Factbook 2011(The World BanK)
- राष्ट्रिय मानव अधिकार आयोगले २०६९ सालमा प्रकासन गरेको आप्रवासी कामदारहरूको अधिकार विषयगत पुस्तिका
- सन् २००६ को निड्स (NIDS) यूनिफेम (UNIFEM) ले गरेको एक अध्ययन प्रतिवेदन
- विश्व बैङ्कको प्रतिवेदन, २०११
- सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको अध्ययन प्रतिवेदन
- भारतको मुम्बइमा रहेको सुदूरपश्चिमेली नेपाली समाज अन्तर्राष्ट्रिय समितिको अध्ययन प्रतिवेदन
- जिल्ला प्रशासन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालयहरूका तथ्यतथ्याङ्कहरू विभिन्न पत्रपत्रिका, पुस्तक, विभिन्न कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू र सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रिया